भीमफेदी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**दोश्रो पटक प्रकाशित मिति:- २०८१/०६/०१ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गतको दफा ६२ बमोजिम यस भीमफेदी गाउँपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको देहायको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेबापत भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दररेटमा सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीबाट सेवा शुल्क सङ्कलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीले दर्ता प्रमाणपत्र,ईजाजतपत्र नवीकरण प्रमाणपत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कम्तिमा आ.व.२०७९/८० को करचुक्ता र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपिहरुको नोटरी प्रमाणित संलग्न गरी देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल-

दरभाउपत्र फारम दस्तुरः-रु.१०००/-(फिर्ता नहुने गरी)

| आय ठेक्का/ सुचना नं. | ठेक्काको नाम | पूर्वाधार सेवा शुल्क संकलन गर्ने क्षेत्र | न्युनतम ठेक्का अंक रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| BRMMK/IR -02/2081/82 | चिसापानीगढीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य | भीमफेदी-६ स्थित चिसापानीगढी | २,००,०००/- (दुई लाख) (मु.अ. कर बाहेक) | २०८१/६/८ कार्यालय समयसम्म | २०८१/६/९ दिनको १२:०० बजेसम्म | २०८१/६/९ दिनको १:०० बजे |
| BRMMK/IR -03/2081/82 | व्यवसायिक सटर भवन भाडामा लगाउने कार्य | भीमफेदी-६ भीमफेदी बजारस्थित गाउँपालिकाद्वारा निर्मित भवन | ८,३८,५००/- (आठ लाख अठतिस हजार पाँच सय ) | २०८१/६/८ कार्यालय समयसम्म | २०८१/६/९ दिनको १२:०० बजेसम्म | २०८१/६/९ दिनको १:०० बजे |

**शर्तहरुः-**

१. उल्लेखित ठेक्काको सम्झौताको अवधि सम्झौता मितिदेखि आ.व.२०८२/८३ को आषाढ मसान्तसम्मको लागि हुनेछ ।

२. उल्लेखित आय ठेक्काको दरभाउपत्र फारम माथि सूचनामा उल्लेखित मिति भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्रदाताले खामको बाहिरपट्टि दरभाउपत्र दाताको नाम,ठेक्का नाम,ठेक्काको नं.,पेश गर्ने कार्यालयको नाम प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

४. उल्लेखित कामको दरभाउपत्र फर्मको नाममा खरिद गर्ने भए फर्म ईजाजत पत्रको नवीकरण प्रमाणपत्र,स्थायी लेखा तथा मु.अ.कर दर्ताको प्रमाणपत्र,आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरुको नोटरी प्रमाणित संलग्न गर्नु पर्नेछ ।

५.खरिद गरिएको दरभाउपत्रहरु दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे सम्म शिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ । रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दर्ता हुने अन्तिम दिनको दिनको १:०० बजे कार्यालयको प्रतिनिधि र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि उल्लेखित आय ठेक्काको सिलबन्दी दरभाउपत्रहरु

जीवन कुँवर

[illegible] प्रशासकीय अधिकृत

खोल्न बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत (गैर नेपाली नागरिकको हकमा कबोल गरेको अंकको १० प्रतिशत) रकम धरौटी वापत भीमफेदी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको धरौटी खाता नं. G7CA503072524001 मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Bond) पेश गर्नुपर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । अंक र अक्षरलाई पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा दरभाउपत्रदाताको अनिवार्य हस्ताक्षर हुनु पर्नेछ । फर्म वा कम्पनी भए छाप समेत हुनु पर्नेछ ।

७. दरभाउपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलिपल्टलाई खरिद वा दाखिलाको अन्तिम दिन मानिनेछ ।

८. ठेक्का कबोल अंकको रकम ठेकेदारले एकमुष्ट वा किस्ताबन्दीमा बुझाउने भएमा ६ किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता सम्झौता गर्दा बखत कुल कबोल अंकको २५ प्रतिशत,दोश्रो किस्ता ३० प्रतिशत, तेश्रो किस्ता १५ प्रतिशत र बाँकी ३ किस्ताहरु १०/१० प्रतिशत सम्झौतामा उल्लेख भएको अवधिमा बुझाईसक्नु पर्नेछ । किस्तावन्दीमा रकम बुझाउने सम्झौता गरेमा भीमफेदी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. 167CA57503077001 मा जम्मा गरेको सक्कलै भौचर र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८३ भाद्र मसान्तसम्म म्याद कायम रहेको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ ।

९. जुन व्यक्ति/फर्मको नाममा सिलबन्दी दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र दाखिला/दर्ता हुनुपर्नेछ । एक फर्मको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा दर्ता गर्न पाइने छैन । यस्तो देखिएमा स्वतः रद्द हुनेछ ।

१०. ठेक्का अवधिभर ठेक्का सञ्चालन स्थलको सरसफाई तथा सामान्य मर्मत सम्भार गर्ने जिम्मा ठेकेदारको हुनेछ । ठेक्का अवधिमा ठेक्का सञ्चालन स्थलमा कुनै हानी नोक्सानी/क्षति हुन गएमा सो को मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

११. ठेक्काको म्याद सकिएपछि अर्को ठेक्का व्यवस्थापन नभइन्जेलसम्म लागि साविककै दररेटमा शुल्क/दस्तुर बुझाउने गरी आपसी सहमतिका आधारमा बढींमा १ महिना ठेक्काको म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप गर्दा गाउँपालिकालाई बुझाउनुपर्ने रकम अग्रिम रुपमा नै बुझाउनुपर्नेछ ।

१२. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको,रीत नपुगेको,कुनै शर्त राखी पेश भएको,सुचनाको शर्त विपरित भएको दरभाउपत्रमाथि कुनै कारबाही हुने छैन ।

१३. दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने,रद्द गर्ने,आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. यस सुचनामा उल्लेखित बुँदाहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा स्थानीय सरकार संचालन ऐन,२०७४,भीमफदी गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि,२०७५,कार्यालयको निर्णय, सम्झौता तथा प्रचलित कानुन बमोजिम हुनेछ । साथै अन्य जानकारीका लागि भीमफेदी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner